# भोट

## जटिल कार्की

उम्मदेवार, हुम्ला जिल्ला



**समृद्ध हुम्ला जिल्लाको साझा संकल्प**
**जटिल कार्कीको कार्ययोजना पत्र–२०८२**

**"स्वाभिमान, विकास र सामाजिक सद्भाव"**

पुरै पढ्न को लागि
QR स्क्यान गर्नुहोस्

**प्रगतिशील लोकतान्त्रिक पार्टी**

VOTE फाल्गुन २१, २०८२

## आदरणीय जनसमुदाय,

मेरो जन्म हुम्ला जिल्लाको विकट सर्केगाड गाउँपालिका–०३ मा भएको हो। मेरो बाल्यकाल हुम्लाकै कठिन भूगोल र संघर्षका बीच व्यतित भयो। भौगोलिक दुर्गमताले सिर्जना गरेका चुनौतीहरूलाई नजिकबाट भोग्दै हुर्केको हुनाले मैले आफ्नो शैक्षिक यात्रालाई प्राविधिक धारतर्फ अगाडि बढाएँ। वास्तुकला (Architecture) मा डिप्लोमा र सिभिल इन्जिनियरिङमा स्नातक तहको शिक्षा हासिल गरेपछि मैले हुम्ली माटोको आवश्यकता बुझ्ने एक दक्ष प्राविधिकको रूपमा काम गर्ने अवसर पाएँ। मेरो यो शैक्षिक पृष्ठभूमि हुम्ला जस्तो कठिन भूगोलमा दिगो र वातावरणमैत्री पूर्वाधार कसरी निर्माण गर्न सकिन्छ भन्ने स्पष्ट मार्गचित्रको आधार हो।

मेरो पेशागत अनुभव विशेष गरी संकट व्यवस्थापन र भौतिक पुनर्निर्माणमा केन्द्रित छ। राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा सिभिल इन्जिनियरको रूपमा कार्यरत रहँदा मैले भूकम्प, बाढी र पहिरोबाट प्रभावित क्षेत्रहरूमा पुगेर जनताको आवास र सार्वजनिक संरचना निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गरें। विपद्का समयमा नागरिकले भोग्नुपर्ने सास्ती र सरकारी सेवा प्रवाहको सुस्ततालाई मैले कार्यथलोमै बसेर महसुस गरेको छु। यही इन्जिनियरिङ अनुभवले मलाई के सिकाएको छ भने, विकास भनेको केवल बालुवा र सिमेन्टको प्रयोग मात्र होइन, बरु नागरिकको सुरक्षा र संवेदनशीलतासँग जोडिएको विषय हो।

बिगत १५ वर्षदेखि म सामाजिक सुरक्षा र न्यायको मुद्दा बोकेर राजनीतिमा सक्रिय छु। २०६७ सालदेखि राजनीतिलाई समाज सुधारको माध्यम बनाउने उद्देश्यले मैले शिक्षा, कृषि र स्थानीय विकासका क्षेत्रमा सशक्त आवाज उठाउँदै आएको छु। हुम्लामा व्याप्त छाउपडी जस्ता कुप्रथा, शैक्षिक पछौटेपन र कृषि उपजले बजार नपाउने समस्यालाई मैले मेरो राजनीतिको मुख्य एजेन्डा बनाएको छु। राजनीतिलाई विलासिता र शक्ति आर्जनको माध्यम ठान्ने प्रवृतिका विरुद्ध यसलाई विशुद्ध सेवा र भुइँ तहका मानिसहरूको पक्षमा नीति निर्माण गर्ने थलोको रूपमा स्थापित गर्न म निरन्तर संघर्षरत छु।
पछिल्लो समय नेपालमा देखिएको राजनैतिक सचेतना र 'जेन्जी' पुस्ताले गरेको परिवर्तनको विद्रोहलाई संस्थागत गर्नु मेरो उम्मेद्वारीको मुख्य कडी हो। युवाहरूको प्रतिनिधित्व गर्दै उनीहरूका भावनालाई संसद्सम्म पुर्याउन र पुराना काम नलाग्ने नीतिहरूलाई विस्थापित गरी जनपक्षीय कानुन निर्माण गर्न म चुनावी मैदानमा उत्रिएको छु। "राजनीति पेशा होइन, सेवा हो" भन्ने मान्यताका साथ, जनताबाट लिएको कर र विश्वास पुनः जनताकै विकासमा फर्काउने संकल्प मैले लिएको छु। बलिदानीपूर्ण इतिहासको रक्षा गर्दै क्रान्तिकारी विचारलाई विकास र समृद्धिसँग जोडेर हुम्लालाई एक नमूना जिल्ला बनाउने अठोटका साथ म तपाईंहरूमाझ आएको छु।


प्रगतिशील लोकतान्त्रिक पार्टी

## प्रतिबद्धता:

हुम्लाको विकास र यहाँका नागरिकको जीवनस्तरमा परिवर्तन ल्याउनु मेरो राजनीतिको मुख्य ध्येय हो। मैले अघि उल्लेख गरेका समस्याहरू केवल गुनासो मात्र होइनन्, ती मेरो कार्ययोजनाका लागि आधारहरू हुन्। एक इन्जिनियरको प्राविधिक दृष्टिकोण र एक सचेत नागरिकको सामाजिक जिम्मेवारीलाई आत्मसात गर्दै, म हुम्लालाई 'विकट' बाट 'विकसित' र 'पछाडि पारिएको' बाट 'प्रगतिशील' बनाउने संकल्प गर्दछु। मेरा यी प्रतिबद्धताहरू केवल चुनावी नारामा सीमित हुने छैनन्, बरु हुम्ली जनताको प्रत्यक्ष निगरानीमा कार्यान्वयन हुने एक 'स्मार्ट र समयबद्ध' मार्गचित्र (Action Plan) हुनेछन्। यहाँ विभिन्न क्षेत्रहरूलाई सम्बोधन गर्ने गरी मेरा मुख्य प्रतिबद्धताहरू बुँदागत रूपमा प्रस्तुत छन्:



## १. भौतिक पूर्वाधार: "कनेक्टिभिटी र दिगो विकास"

- आगामी ५ वर्षभित्र हुम्लाको सदरमुकाम सिमिकोटलाई राष्ट्रिय सडक सञ्जालमा जोड्ने र मुख्य ग्रामीण बस्तीहरूमा बाह्रै महिना चल्ने गरी 'इन्जिनियरिङ स्ट्यान्डर्ड' को कालोपत्रे सडक पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्दछु।
- कर्णाली कोरिडोरलाई उत्तर-दक्षिण जोड्ने व्यापारिक र रणनीतिक सडकको रूपमा विकास गरी हिल्सा नाकासम्म सहज पहुँच बनाइनेछ।
- भौगोलिक रूपमा कठिन ठाउँहरूमा 'सुरुङ मार्ग' (Tunnel) को सम्भाव्यता अध्ययन गरी निर्माण प्रक्रिया अगाडि बढाउने र जीर्ण काठे पुलहरूलाई 'स्टिल ट्रस' वा आधुनिक पक्की पुलले विस्थापित गरिनेछ।
- भूकम्प र पहिरो प्रतिरोधी घर निर्माणका लागि प्राविधिक सहयोग र सहुलियत उपलब्ध गराई 'सुरक्षित हुम्ला' निर्माण गरिनेछ।



प्रगतिशील लोकतान्त्रिक पार्टी

## २. स्वास्थ्य सेवा: "निरोगी हुम्ला, सुरक्षित जनजीवन"

- जिल्ला अस्पताल सिमिकोटलाई सुविधासम्पन्न भौतिक पूर्वाधार र आधुनिक उपकरणले सुसज्जित बनाई एम.डी.जी.पी. (MDGP) र प्रसूति रोग विशेषज्ञ सहितको टिम २४ सै घण्टा उपलब्ध गराइनेछ।
- सुत्केरी महिला, नवजात शिशु र गम्भीर दुर्घटनामा परेका नागरिकलाई तत्काल अस्पताल पुऱ्याउन 'सांसद आकस्मिक हवाई उद्धार कोष' स्थापना गरी राज्यकै खर्चमा निःशुल्क हवाई एम्बुलेन्स सेवा सुनिश्चित गरिनेछ।
- सामान्य उपचारका लागि पनि महँगो जहाज चार्टर गर्नुपर्ने बाध्यता अन्त्य गर्न जिल्लामै भेन्टिलेटर सहितको आईसीयू (ICU) र मिर्गौला पीडितका लागि डायलासिस सेवा सञ्चालन गरिनेछ।
- दुर्गम गाउँका स्वास्थ्य चौकीहरूलाई उच्च गतिको इन्टरनेटमार्फत जिल्ला र केन्द्रका ठूला अस्पतालसँग जोडेर 'टेलिमेडिसिन' मार्फत गाउँमै विशेषज्ञ परामर्श दिने व्यवस्था मिलाइनेछ।
- सरकारले तोकेका निःशुल्क औषधिहरूको अभाव हुन नदिने र जिल्लाका सबै स्वास्थ्य केन्द्रहरूमा आधारभूत रगत, दिसा-पिसाब परीक्षणको आधुनिक ल्याब सुविधा पुऱ्याइनेछ।



प्रगतिशील लोकतान्त्रिक पार्टी

## ३. शिक्षा: "गुणस्तरीय, प्राविधिक र डिजिटल सिकाइ"

- एस.ई.ई. पछि उच्च शिक्षाका लागि जिल्ला छोड्नुपर्ने बाध्यता रोक्न हुम्लामै इन्जिनियरिङ, वन विज्ञान र कृषि सम्बन्धी 'आंगिक क्याम्पस' वा 'बहुप्राविधिक शिक्षालय' स्थापना गरिनेछ।
- प्रत्येक माध्यमिक विद्यालयमा 'स्मार्ट क्लासरुम' र आधुनिक कम्प्युटर ल्याब निर्माण गरी विद्यार्थीलाई विश्वबजारमा प्रतिस्पर्धा गर्न सक्ने गरी सूचना प्रविधिसँग जोडिनेछ।
- शैक्षिक सत्र सुरु हुनु अगावै हुम्लाका प्रत्येक विद्यालयमा पाठ्यपुस्तक पुऱ्याउने र विषयगत शिक्षकहरूको रिक्त दरबन्दी पूर्ति गरी गुणस्तरीय शिक्षाको ग्यारेन्टी गरिनेछ।
- विद्यार्थीहरूको स्वास्थ्य र मानसिक विकासका लागि विद्यालयमा नर्सको व्यवस्था गरिनेछ र स्थानीय भूगोल सुहाउँदो खेलकुद पूर्वाधार निर्माणमा लगानी गरिनेछ।
- गरिब, दलित, जेहेन्दार र पिछडिएका वर्गका विद्यार्थीहरूलाई डाक्टर, इन्जिनियर र पाइलट जस्ता उच्च शिक्षा अध्ययनका लागि विशेष 'सांसद छात्रवृत्ति' को व्यवस्था गरिनेछ।



प्रगतिशील लोकतान्त्रिक पार्टी

## ४. कृषि र आत्मनिर्भर अर्थव्यवस्था

- स्याउ, सिमी र बहुमूल्य जडिबुटी उत्पादन हुने मुख्य क्षेत्रहरूलाई लक्षित गरी 'एक वडा, एक आधुनिक चिस्यान केन्द्र' (Cold Storage) निर्माण गरिनेछ। यसबाट सिजनमा सस्तोमा उत्पादन बेच्नुपर्ने वा कुहिएर फाल्नुपर्ने बाध्यताको अन्त्य गरी बेमौसममा उचित मूल्यमा बिक्री गर्ने व्यवस्था मिलाइनेछ।
- हुम्लाका अर्गानिक उत्पादनहरूलाई 'हुम्ला अर्गानिक' ब्रान्डका रूपमा प्रमाणीकरण (Certification) गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा सिधै पहुँच पुर्‍याइनेछ। बिचौलियाको अन्त्य गरी किसानले आफ्नो उत्पादनको वास्तविक नाफा पाउने सुनिश्चित गरिनेछ।
- किसानको उत्पादनलाई बारीबाटै संकलन गरी बजारसम्म पुर्‍याउन 'कृषि एम्बुलेन्स' (विशेष ढुवानी सवारी साधन) को व्यवस्था गरिनेछ। सडक नपुगेका ठाउँमा हवाई वा अन्य ढुवानीमा विशेष सरकारी सहुलियत उपलब्ध गराइनेछ।
- नदी किनारका खेतबारीमा 'सोलार लिफ्ट सिँचाइ' र आकाशे पानी संकलन (Rainwater Harvesting) प्रविधि अपनाइनेछ। मेरो प्राविधिक अनुभव प्रयोग गरी साना सिँचाइ कुलोहरूको इन्जिनियरिङ स्तरोन्नति गर्दै बाँझो जमिनलाई हराभरा बनाइनेछ।





## ५. सामाजिक न्याय र कुरीति विरुद्धको अभियान

- छाउपडी, बालविवाह र जातीय विभेद जस्ता सामाजिक कलङ्कलाई जरैदेखि उखेल्न 'सामुदायिक जागरण कोष' स्थापना गरी टोल-टोलमा महिला सशक्तीकरण र सचेतना अभियान सञ्चालन गरिनेछ।
- घरायसी हिंसा न्यूनीकरणका लागि महिलाहरूलाई सीपमूलक तालिम र बिना धितो सहुलियतपूर्ण कर्जा उपलब्ध गराई उनीहरूलाई आर्थिक रूपमा स्वावलम्बी बनाइनेछ।
- पिछडिएका, दलित र अपाङ्गता भएका व्यक्तिहरूको राज्यका हरेक संयन्त्र र निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न विशेष कोटा र क्षमता अभिवृद्धि कार्यक्रम लागू गरिनेछ।
- न्याय खोज्दै सदरमुकाम धाउनुपर्ने बाध्यता अन्त्य गर्न वडा तहसम्मै निःशुल्क कानुनी परामर्श र मेलमिलाप केन्द्रहरूलाई सुदृढ बनाइनेछ।
- हुम्लाको मौलिक कला, संस्कृति र भेषभूषाको संरक्षण गर्दै धर्म र संस्कृतिका नाममा हुने गलत अभ्यास र अन्धविश्वासलाई शिक्षा र तर्कमार्फत निरुत्साहित गरिनेछ।





## ६. सुशासन र भ्रष्टाचारमुक्त हुम्ला

- विकास योजनाहरूमा हुने कमिसनतन्त्र र 'सेटिङ' को अन्त्य गर्न हरेक योजनाको प्राविधिक परीक्षण (Technical Audit) गरिनेछ। गलत गर्ने ठेकेदार र कर्मचारीलाई कडा कानुनी दायरामा ल्याइनेछ।
- आर्थिक वर्षको अन्त्यमा हतार-हतार बजेट सिध्याउने परिपाटीलाई पूर्णतः बन्द गरी समयमै टेन्डर आह्वान र हिउँद लाग्नु अगावै योजना सम्पन्न गर्ने कार्यतालिका लागू गरिनेछ।
- सरकारी कार्यालयबाट हुने हरेक खर्च र निर्णय प्रक्रियालाई अनलाइन पोर्टल र सार्वजनिक सुनुवाइमार्फत जनताको अगाडि छर्लङ्ग पारिनेछ। जनप्रतिनिधिको सम्पत्ति विवरण हरेक वर्ष सार्वजनिक गरिनेछ।
- सामान्य कामका लागि पनि सरकारी कार्यालय धाउनुपर्ने र घण्टौं लाइन बस्नुपर्ने झन्झट अन्त्य गर्न धेरैभन्दा धेरै सरकारी सेवाहरू अनलाइन (Mobile App) मार्फत घरबाटै पाउने व्यवस्था मिलाइनेछ।
- जनताका गुनासा, समस्या र सुझावहरू सिधै सुन्नका लागि प्रत्येक महिना विभिन्न गाउँबस्तीमा पुगेर 'प्रत्यक्ष जनसंवाद' कार्यक्रम सञ्चालन गरिनेछ।





## ७. पर्यटन विकास: "हुम्लाको पहिचान, विश्वमा सम्मान"

- कैलाश–मानसरोवर जाने मुख्य प्रवेशद्वारका रूपमा हुम्लालाई स्थापित गर्न सिमिकोटदेखि हिल्सा नाकासम्मका पर्यटकीय पूर्वाधार (होटल, सुविधायुक्त विश्रामस्थल र सूचना केन्द्र) लाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसार विकास गरिनेछ।
- लिमी भ्यालीको जैविक विविधता र प्राचीन सांस्कृतिक मौलिकतालाई जोगाउँदै यसलाई 'विशेष पर्यटकीय क्षेत्र' घोषणा गरिनेछ। यहाँका स्थानीयलाई 'होमस्टे' (Homestay) सञ्चालनका लागि तालिम र सहुलियत ऋण उपलब्ध गराई पर्यटनको लाभ सिधै समुदायमा पुर्‍याइनेछ।
- हुम्लाका ऐतिहासिक गुम्बा, मन्दिर र परम्परागत कलालाई 'सांस्कृतिक पदमार्ग'का रूपमा ब्रान्डिङ गरिनेछ। वर्षेनी हुने विभिन्न जात्रा र चाडपर्वहरूलाई राष्ट्रिय स्तरमा प्रचार गरी आन्तरिक र बाह्य पर्यटक आकर्षित गरिनेछ।
- हुम्लाको भूगोललाई ध्यानमा राख्दै ट्रेकिङ, पर्वतारोहण र हाइकिङका नयाँ मार्गहरू पहिचान गरिनेछ। स्थानीय युवाहरूलाई गाइड र उद्धार तालिम दिई साहसिक पर्यटनमा रोजगारी सिर्जना गरिनेछ।
- पर्यटनबाट संकलन हुने राजस्वको निश्चित हिस्सा अनिवार्य रूपमा हुम्लाकै विकास र स्थानीय समुदायको उत्थानमा खर्च हुने कानुनी व्यवस्था मिलाइनेछ।



## ८. ऊर्जा : "उज्यालो हुम्ला, मेरो प्रतिबद्धता"

- आगामी २ वर्षभित्र हुम्लालाई राष्ट्रिय विद्युत् प्रसारण लाइन (National Grid) मा जोड्न केन्द्र सरकारसँग समन्वय गरी "उज्यालो हुम्ला अभियान" लाई तीव्रता दिइनेछ।
- जिल्लाभर रहेका तर मर्मत सम्भारको अभावमा बन्द भएका लघु जलविद्युत् आयोजनाहरूलाई प्राविधिक अडिट गरी तत्काल पुनः सञ्चालनमा ल्याइनेछ।
- हुम्लाका ठूला नदीहरूमा बन्ने जलविद्युत् आयोजनाहरूमा हुम्ली जनताको 'अग्राधिकार सेयर' सुनिश्चित गर्ने कानुनी व्यवस्था मिलाइनेछ।
- दाउरामा निर्भरता घटाउन र वन जङ्गलको संरक्षण गर्न प्रत्येक घरधुरीमा बिजुलीको पहुँच पुऱ्याई 'विद्युतीय चुलो' (Induction Stove) प्रयोगका लागि विशेष अनुदानको व्यवस्था गरिनेछ।
- राष्ट्रिय ग्रिड नपुगेका दुर्गम र छरिएका बस्तीहरूमा ठूला सोलार प्लान्ट वा वायु ऊर्जा (Wind Energy) मार्फत एकीकृत विद्युतीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय कृषि र जडिबुटी प्रशोधन उद्योगहरूका लागि सहुलियत दरमा चौबीसै घण्टा 'औद्योगिक बिजुली' उपलब्ध गराई जिल्लामै रोजगारीका अवसरहरू सिर्जना गरिनेछ।



प्रगतिशील लोकतान्त्रिक पार्टी

## ९. सीमा व्यवस्थापन र उत्तरी नाका (हिल्सा)

- हिल्सा नाकालाई चीनसँग जोड्ने आधुनिक भन्सार पूर्वाधार, सुक्खा बन्दरगाह र अध्यागमन (Immigration) कार्यालय सहितको व्यवस्थित 'व्यापारिक हब'का रूपमा विकास गर्न विशेष बजेट विनियोजन गरिनेछ।
- उत्तरी सीमा क्षेत्रमा खटिएका सुरक्षाकर्मीका लागि आधुनिक आवास र सञ्चारको व्यवस्था गरिनेछ। सीमा क्षेत्रका नागरिकहरूलाई राज्यको उपस्थितिको महसुस गराउन विशेष 'सीमा क्षेत्र विकास कार्यक्रम' लागू गरिनेछ।
- चीनको बुराङ (पुलान) काउन्टीसँगको व्यापारलाई सहज बनाउन स्थानीय व्यापारीहरूका लागि पास प्रणालीको सरलीकरण र सहुलियतपूर्ण व्यापार नीतिका लागि केन्द्र सरकारमार्फत कुटनीतिक पहल गरिनेछ।
- हिल्सा क्षेत्रमा २४ सै घण्टा बिजुली, उच्च गतिको इन्टरनेट र भरपर्दो टेलिफोन सेवा पुऱ्याई त्यस क्षेत्रलाई सञ्चार र ऊर्जामा आत्मनिर्भर बनाइनेछ।
- सीमा क्षेत्रबाट हुने बहुमूल्य जडिबुटी र ऐतिहासिक पुरातात्विक वस्तुहरूको अवैध निकासी रोक्न प्रविधिमा आधारित निगरानी (CCTV/Drone) र सुरक्षा गस्तीलाई प्रभावकारी बनाइनेछ।



प्रगतिशील लोकतान्त्रिक पार्टी

## मेरो संकल्प: हुम्लाको माटो र जनताको भविष्यका लागि

हुम्लाको विकटता मेरो लागि केवल भूगोल होइन। यो मेरो जन्मभूमि र मेरो पहिचान हो। एक सिभिल इन्जिनियरको रूपमा मैले नक्सामा कोरेका रेखाहरूलाई अब हुम्लाको धरातलमा समृद्धिको मार्गका रूपमा उतार्ने संकल्प गरेको छु। म यो कुरामा स्पष्ट छु कि जबसम्म हाम्रा गाउँबस्तीमा सडक पुग्दैन, जबसम्म एउटा सुत्केरीले उपचार अभावमा जहाज पर्खनुपर्ने अवस्था रहन्छ, र जबसम्म हाम्रा युवाहरू श्रम बेच्न कालापहाड धाउनुपर्ने बाध्यता रहन्छ, तबसम्म हाम्रो विकासको नारा खोक्रो मात्र हुनेछ। त्यसैले, म राजनीतिलाई शक्ति आर्जनको माध्यम नभइ हुम्लाका प्रत्येक नागरिकको दुःखसँग जोडिने र त्यसको प्राविधिक एवं नीतिगत समाधान खोज्ने सेवाको थलो बनाउने वाचा गर्दछु।

म यस चुनावी मैदानमा होमिँदै गर्दा 'भोट र नोट'को फोहोरी खेललाई सदाका लागि अन्त्य गर्ने र राजनीतिमा निष्ठा र सुशासनको नयाँ मानक स्थापित गर्ने दृढ अठोट गर्दछु। भ्रष्टाचारमा शून्य सहनशीलता, योजनाहरूको पूर्ण पारदर्शिता र जनताप्रतिको प्रत्यक्ष जवाफदेहिता नै मेरो कार्यशैली हुनेछ। हुम्लालाई 'विकट'को ट्यागबाट मुक्त गरी 'समृद्ध र आत्मनिर्भर' जिल्लाको रूपमा राष्ट्रिय मञ्चमा उभ्याउनु मेरो अन्तिम लक्ष्य हो। मैले यहाँका समस्याहरूलाई नजिकबाट भोगेको छु र त्यसको समाधान गर्ने प्राविधिक भिजन मसँग छ। तसर्थ, एक पटक हुम्लाको मुहार फेर्नका लागि तपाईंहरूको अमूल्य विश्वास र साथको अपेक्षा गर्दछु।



प्रगतिशील लोकतान्त्रिक पार्टी